नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय, काभ्रेपलाञ्चोक

फोन : ०११-४९०६३४
kavrepalanchowk@dolma.gov.np

प.स. ०७७।७८
च.नं. ०९

मिति २०७७।०४।०१

**विषय - सूचना टाँस गरी जानकारी पठाईदिनेबारे ।**

श्री मण्डनदेउपुर नगरपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक ।

प्रस्तुत विषयमा यसै पत्रसाथ संलग्न भूसेवा केन्द्र दर्ता गर्ने सम्वन्धी सूचना तहाँको सूचनापाटीमा टाँस गरी सोको जानकारी यस कार्यालयमा पठाईदिनुहुन अनुरोध छ ।

(शालिकराम आचार्य)
प्रमुख मालपोत अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

फोन : ०११-४९०६३४
kavrepalanchowk@dolma.gov.np

# मालपोत कार्यालय, काभ्रेपलाञ्चोक

मिति-२०७७/०४/०१

## सूचना । सूचना ॥ सूचना ॥।

भूमि व्यवस्थापन तथा अभिलेख विभागको च.नं.३१५३।२०७६।३।३१ को पत्रबाट यस कार्यालयमा भू सेवा केन्द्र संचालन निर्देशिका २०७६ लागु गर्न लेखि आए बमोजिम भू सेवा केन्द्र स्थापना तथा संचालन गर्नको लागि मालपोत नियमावली २०३६ को नियम २३क र २३ख बमोजिम चाहिने योग्यता पुगेका तथा भू सेवा केन्द्र संचालन निर्देशिका २०७६ को बुंदा नं.७ बमोजिम भू सेवा केन्द्र संचालनको लागि चाहिने पूर्वाधार पूरा भएका इच्छुक व्यक्ति, संस्था तथा स्थानीय सरकारले अनुमति लिनको लागि मिति २०७७।४।१ देखि ऐ.श्रावण मसान्तभित्र अनलाइन मार्फत https://public.dolma.gov.np/ मा निवेदन पेस गरी सोसंग सम्बन्धित सक्कल कागजात यस कार्यालयको प्रशासन शाखामा तोकिएको ढांचामा पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

०७७।४।१

| व्यक्तिको हकमा | संस्थाको हकमा | कानुन व्यवसायी वा लेखापढी व्यवसाय गर्न प्रमाणपत्र प्राप्त व्यक्तिको हकमा | स्थानीय सरकारको हकमा |
|---|---|---|---|
| नेपाली नागरिक | प्रचलित कानुन बमोजिम सेवा प्रदायक संस्थाको रुपमा दर्ता भएको | भूसेवा केन्द्र सचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको | भूसेवा केन्द्र सचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको |
| अठार वर्ष उमेर पूरा भएको | नेपाली नागरिकले स्थापना र सञ्चालन गरेको | प्रचलित कानुन बमोजिम स्थायी लेखा नम्बर लिएको | निवेदन दस्तुर तथा धरौटी नलाग्ने । |
| कम्प्युटर विषय लिई कम्तिमा दश जोड दुई वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको | संस्थामा काम गर्ने कम्तिमा एक जना जनशक्तिको योग्यता कम्प्युटर विषय लिइ कम्तिमा दश जोड दुइ वा सो सरह उत्तीर्ण गरेको वा अन्य विषयमा सो सरहको योग्यता भई कम्प्युटर सम्बन्धी कम्तीमा ६ महिनाको तालिम प्राप्त गरेको | भूसेवा केन्द्र सञ्चालनको लागि व्यक्तिगत रुपमा अनुमति लिने भएमा व्यक्ति सरह साथै संस्थागत रुपमा अनुमति लिने भएमा संस्था सरह निवेदन दस्तुर र धरौटी लाग्नेछ । | |
| प्रचलित कानुन बमाजिम स्थायी लेखा नंबर लिएको | प्रचलित कानुन बमोजिम संस्थाको नाममा स्थायी लेखा नम्बर लिएको | | |
| भूसेवा केन्द्र सञ्चालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको | भूसेवा केन्द्र सचालनको लागि दफा ७ बमोजिम भौतिक पूर्वाधार भएको | | |
| नैतिक पतन देखिने फौजदारी कसुर वा लिखत सम्बन्धी कुनै कसुरमा अदालतबाट दोषी प्रमाणित नभएको । | कर चुक्ताको प्रमाणपत्र भएको | | |
| निवेदन दस्तुर रु.३००० र बैंक धरौटी रु ५०,००० | निवेदन दस्तुर रु.५०००र बैंक धरौटी रु २००००० | | |

उल्लेखित व्यक्ति, संस्था वा स्थानीय तहले भूसेवा केन्द्र सञ्चालनको लागि अनुमति लिन कम्प्युटर, प्रिन्टर, पावर ब्याकअप सिस्टम, स्क्यानर, भूसूचना प्रणालीसंग कम्प्याटिबल हुने बायोमेट्रिक डिभाइस, वेब क्यामेरा तथा दस्तखत मेसिन र कम्तीमा २।२ एमबीपीएस को इन्टरनेट कनेक्टिभिटी भएको हुनुपर्ने छ ।

पुनश्च :

- निवेदन दस्तुर बापतको रकम यस कार्यालयको जग्गाप्रशासन शाखामा र धरौटी बापतको रकम राष्ट्रिय वाणिज्य बैंक धुलिखेल शाखामा रहेको कोष तथा लेखा नियन्त्रकको कार्यालय, काभ्रेपलान्चोकको नाममा रहेको ख३ धरौटी १०४०२०३०००००० नं.खातामा जम्मा गरी बैंक भौचर पेस गर्नुपर्नेछ ।
- हाल विकास भईसकेको Public Access Module https://public.dolma.gov.np/ मार्फत घरजग्गासम्बन्धी कारोबारका सम्पुर्ण लिखत तथा निवेदन, जग्गाधनी वा भू सेवा केन्द्र संचालनको अनुमतिपत्र प्राप्त संस्थाले इन्टरनेटको प्रयोग गरी अनलाइन फाराम भरी पेश गर्नुपर्नेछ ।
- थप जानकारी आवश्यक भएमा यस कार्यालयका मालपोत अधिकृत श्री रमेश पौडेल (मो.नं.९८४१४८७८७) संग सम्पर्क गर्नुहन साथै कार्यालयको आधिकारिक वेबसाइट http://dolrm.gov.np/office/40 बाट वा इमेल kavrepalanchowk@dolma.gov.np बाट समेत जानकारी लिन सकिने व्यहोरा जानकारी गराइन्छ ।